नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-५६४ दायर मितिः-२०८१/०२/१४**

**फैसला मितिः-२०८१/०४/१७**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **साहनाव खातुनको जाहेरीले नेपाल सरकार.........................१** | **जिल्ला पर्सा छिपहरमाई गा.पा.वडा नं.४ बस्ने कमरुदिन मियाँको छोरा बर्ष २६ को ईन्तेयाज हवारी भन्ने ईन्तेयाज मियाँ धोवीसमेत २ जना..१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले गाली गलौज तथा लछारपछार गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीहरुले जाहेरवालीलाई गाली गलौज तथा लछारपछार गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले जाहेरवालीलाई गाली गलौज तथा लछारपछार गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादी इन्तेयाज मियाँ धोवीको बयान कागज।

४. गाली गलौज तथा लछारपछार गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले कानून प्रतिवादीहरुलाई बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सैनुल्लाह मियाँ धुनिया समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालयको अभियोग पत्र ।

६. प्रतिवादीहरुले यस कार्यालयमा उपस्थित भई गरेको बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवादीहरुले ईन्कारी बयान गरेता पनि, मिति २०८१।०१।२५ गते दिउसो रोटी पकाउने क्रममा मेरो छोरीलाई खेलाउन दिएको बिषयलाई लिई विपक्षीईन्तेयाज हवारी र कमरुदिन हवारीले म जाहेरवालीलाई घरबाट निकाली तान्दै घिसार्दै मेरो माईतीतर्फ ल्याउने क्रममाअ.१७:०० बजेको समयमा जिल्ला पर्सा पोखरिया न.पा.वडा नं.४ स्थित सडकमा बिपक्षीहरुले अश्लिल शब्दहरु प्रयोग गर्दै गाली गलौज तथा लछारपछार गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी ईन्तेयाज मियाँ धोवीले गरेको बयान समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी ईन्तेयाज हवारी भन्ने ईन्तेयाज मियाँ धोवीलाई कैद दिन ७ र जरिवाना रु.२५००/- अक्षरेपी दुई हजार पाँच सय मात्र र अर्का प्रतिवादी कमरुदिन हवारीलाई जरिवाना रु.२५००/- अक्षरेपी दुई हजार पाँच सय मात्र र क्षतिपूर्ती शूल्क रु.२००/- अक्षरेपी दुई सय मात्र ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी ईन्तेयाज हवारी भन्ने ईन्तेयाज मियाँ धोवीलाई ठहरेको कैद दिन ७ को हकमा निज मिति २०८१/०२/०७ देखि २०८१/०२/१३ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं. र.नं.५५८/२०८१/०२/१४ दाखिला गरेको धरौटी रकम रु.२५००/- बाट जरिवाना रकम रु.२५००/- कट्टी गर्नु र अर्का प्रतिवादी कमरुदिन हवारीलाई ठहरेको जरिवानाको हकमा निजले र.नं.६१४/२०८१/०३/२७ बाट दाखिला गरेको धरौटी रकम रु.२७००/- बाट जरिवाना रकम रु.२५००/- र क्षतिपूर्ती शुल्क रु.२००/- कट्टी गर्नु -----------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु----------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ श्रावण महिना १७ गते विहीवार रोज ५/ ने.सं. ११४४ दिल्लागा द्वादशी, शुभम् ........